# स्थानीय राजपत्र


भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्डः १०, संख्याः १, मितिः २०८३/०२/०१


## भाग–२

## संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि,२०७७ (प्रथम संशोधन, २०८३)


# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

# संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि,२०७७ (प्रथम संशोधन, २०८३)

कार्यपालिकाबाट पारित मितिः २०८३/०१/२४

प्रमाणीकरण मितिः २०८३/०२/१

**प्रस्तावनाः**

संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ लाई समय सापेक्ष देहाय बमोजिम प्रथम संशोधन गर्न वान्छनीय भएकाले।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नामः संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७, (प्रथम संशोधन २०८३) रहेको छ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२.** मुल कार्यविधिको दफा ९ उपदफा (३) को हरफ ३ मा "........... दफा १५ को उपदफा (१) ........" उल्लेख भएकोमा अन्ये व्यहोरा यथावत् नै हुनेगरी दफा १५ को सट्टा दफा १४ भनी संशोधन गरिएको छ ।

**३.** मुल कार्यविधिको दफा १४ मा उल्लिखित प्राविधिक समितिको सट्टामा देहाय बमोजिमको प्राविधिक समिति कायम हुनेगरी संशोधन गरिएको छ ।

क) वातावरण तथा विपद् व्यवस्थापन महाशाखा प्रमुख-संयोजक

ख) शहरी पूर्वाधार विकास महाशाखाको ईन्जिनियर- सदस्य (प्रमुख प्रशासकीय अधिकृतले तोकेको)

ग) भवन तथा भवन संहिता एवं निर्माण ईजाजत (डिजाईन समेत) शाखाको ईन्जिनियर-सदस्य (प्रमुख प्रशासकीय अधिकृतले तोकेको)

घ) वातावरण ईन्जिनियर/वातावरण निरीक्षक-सदस्य

ङ) वातावरण तथा विपद् व्यवस्थापन महाशाखा अन्तर्गतको अधिकृत कर्मचारी- सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृतले तोकेको)

---

आज्ञाले,

**वीरेन्द्रदेव भारती**

प्रमुख प्रशासकीय अधिकृत